गैडहवा गाउँपालिका
Gaidahawa Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
Gaidahawa-3, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

म.ले.प.फा.नं.३

प स ०७९।०८०
च न २६३८

मिति २०८०।०३।१३

श्री सवै वडा कार्यालय
गैडहवा गाउपालिका गैडहवा रुपन्देही

विषय जानकारी सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा राष्ट्रिय भूमि आयोगको मिति २०८०।०३।०८ को निर्णय यसै पत्रसाथ संलग्न गरी पठाइएको छ। यस अघि वन क्षेत्र संग सम्वन्धित समस्याका कारण लगत संकलन फारम भर्ने भराउने काममा देखिएका असुविधाको आवश्यक सहजिकरणका लागि संलग्न निर्णय सहयोगि हुनेछ भन्ने जानकारी गराउछौ ।

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकिय अधिकृत

कृष्ण प्रसाद पन्थी
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८० असार ८ गते बिहानको १०:३० बजे [illegible]
निरौलाज्यूको अध्यक्षतामा देहाय वमोजिमका पदाधिकारीको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो।

उपस्थितिः-

| | |
|---|---|
| केशव निरौला | - अध्यक्ष |
| नहेन्द्र खड्का | - उपाध्यक्ष |
| राघो राय यादव | - विज्ञ सदस्य (कानून) |
| टेक वहादुर शाह | - विज्ञ सदस्य (जग्गा नाप जाँच) |
| वासुदेव हुमागाई | - विज्ञ सदस्य (भूमि व्यवस्थापन) |
| दाताराम खनाल | - सदस्य |
| गोवर्द्धन कोली | - सदस्य |
| सरिता महर्जन | - सदस्य |
| भैरव राज रेग्मी | - सदस्य |
| विदुर प्रसाद खनाल | - सदस्य-सचिव |

<u>अन्य उपस्थितिः</u>

| | |
|---|---|
| शालिकराम आचार्य | - उपसचिव |
| गोकुल भुजेल | - कानुन अधिकृत |
| रामबावु वराल | - नायव सुब्बा |
| नारायण प्रसाद आचार्य | - नायव सुब्बा |
| सिकेश कोइराला | - सर्भेक्षक |
| अन्जन पराजुली | - कम्प्युटर अपरेटर |

<u>निर्णयः</u>

१. आयोगका विभिन्न जिल्ला समितिहरूबाट भूमि सम्बन्धी ऐन, २०२१ मा आयोगका कामकारबाहीसँग सम्वन्धित विभिन्न व्यवस्थाहरू वन ऐन, २०७६ सँग मुख निमिलेको भनी सो सम्बन्धमा जिल्ला समितिबाट निर्देशन/राय माग भई आएको सन्दर्भमाः-

(क) भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ग को उदपदफा (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुँदाका बखत ऐलानी वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आबादीमा परिणत भएको जग्गामा कम्तीमा १० वर्ष अघिदेखि आबाद कमोत गरी आएका अव्यवस्थित बसोबासीलाई एक पटकका लागि नेपाल सरकारले निजहरूले आवाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रमा हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ भन्ने सपष्ट कानूनी व्यवस्था रहेको छ।

(ख) वन ऐन, २०७६ को दफा २ को खण्ड (फ) मा वन क्षेत्र भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको नाङ्गो पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदीं, खोलानाला, बगर,पर्ती वा ऐलानी जग्गाले ओगटेको क्षेत्र सम्झनु पर्छ भन्ने परिभाषा उल्लेख छ।

यो परिभाषा खण्डमा "प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको" भन्ने कानूनी व्यवस्थाले भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ग बमोजिमको जग्गा वन ऐन,

२०७६ को दफा २ को खण्ड (फ) को वन क्षेत्रको परिभाषामा नपर्ने स्वतः सिद्ध छ। त्यसैले भूमि सम्वन्धी ऐन,२०२१ को दफा ५२ग को उदपदफा (१) वमोजिम काम गर्न कुनै वाधा नपर्ने प्रष्ट कानूनी व्यवस्था छ।

(ग) ऐलानी र पर्ती जग्गाको हकमा पनि वन ऐन, २०७६ को सोही परिभाषा खण्डमा "वनभित्र रहेको" ऐलानी र पर्ती जग्गालाई मात्र सम्बोधन गर्दछ।

(घ) भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ग को "स्पष्टीकरण" खण्डको (क) मा *"अव्यवस्थित बसोबासी"* भन्नाले सरकारी ऐलानी, पर्ती वा सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आवाद कमोत गरी घर, टहरा बनाई बसोबास गरेका उपदफा (३) का आधारमा वर्गीकरण गरिएका व्यक्तिलाई सम्झनु पर्दछ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउनेछ भन्ने कानुनी व्यवस्था छ भने खण्ड (ख) मा *"ऐलानी जग्गा"* भन्नाले सरकारका नाममा दर्ता भए वा नभएको, सरकारी अभिलेखमा वन जनिएको भए तापनि लामो समयदेखि आवाद कमोत गरिआएको वा तत्कालीन समयमा आवाद कमोत गर्न दिएको जग्गालाई सम्झनु पर्छ भन्ने कानुनी व्यवस्था छ।

माथि उल्लिखित व्यवस्थाले नापी क्षेत्रीय किताब (फिल्डवुक), नापी नक्सा लगायतका सरकारी अभिलेखहरूमा वन जनिएका जग्गाहरूलाई समेत वितरण गर्नका लागि स्पष्ट कानुनी व्यवस्था गरिएको छ।

(ङ) भूमि सम्बन्धी ऐन, २०२१ को ५२ग को व्यवस्था कानूनी रूपमा प्रष्ट रहेको र यो वन ऐन, २०७६ का कानूनी व्यवस्थाहरूसँग कहिँकतै बाझिएको छैन।

(च) भूमि सम्बन्धी ऐन, २०२१ (आठौं संशोधनसहित) र वन ऐन, २०७६ दुबै विशेष ऐन भएको र समानस्तरका ऐनहरू वाझिएको खण्डमा समेत पछिल्लो ऐन लागू हुने कुरा कानुनको सर्वमान्य सिद्धान्त हो। भूमि सम्बन्धी ऐन, २०२१ (आठौं संशोधनसहित) २०७६।१०।२८ मा प्रमाणीकरण भएको र वन ऐन, २०७६ को २०७६।०६।२७ मा प्रमाणीकरण भएकोले भूमि सम्वन्धी ऐन, २०२१(आठौं संशोधनसहित) पछिल्लो विशेष ऐन भएको र सोही लागू हुने कुरा स्वतः सिद्ध छ।

(छ) भूमि सम्वन्धी ऐन, २०२१(आठौं संशोधनसहित)को दफा ६३ मा बाझिएमा गर्ने अन्तर्गत "यो ऐनमा र यस अन्तर्गत बनेका नियमहरूमा लेखिएकोमा सोही वमोजिम र अरूमा प्रचलित कानुन बमोजिम हुनेछ" भन्ने कानुनी व्यवस्था छ। यसले यो ऐन मात्र नभई यसका नियमावलीहरूलाई समेत उच्च महत्वसहित संरक्षण गरेको छ।

भूमि सम्वन्धी ऐन, २०२१ को दफा ५२क. को उपदफा (३) र दफा ५२ख. को उपदफा (६) वमोजिमको अधिकार प्रयोग गरी नेपाल सरकारले भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित वसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि नेपाल सरकारले राष्ट्रिय भूमि आयोगको गठन गरेको हो। तसर्थः यसले भूमि सम्बन्धी ऐन,२०२१ र भूमि सम्बन्धी नियमहरू,२०२१ तथा राष्ट्रिय भूमि आयोग गठन आदेश,२०७८ र आदेश अन्तर्गत बनेका कार्यविधिहरूसमेतबाट निर्दिष्ट कार्यसम्पादन गर्न कुनै प्रकारको कानूनी द्विविधा वा बाधा अवरोध नरहेकोले सोही अनुसारको कार्य गर्न गराउन सबै जिल्ला समितिलाई निर्देशन दिने साथै सो को व्यहोरा नेपाल सरकार भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई बोधार्थ जानकारी दिने।